नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री लिलानाथ श्रेष्ठज्यूले आज मिति २०७८/०३/१३ गते यस मन्त्रालयमा पद बहाली गर्नुभयो। पद बहालीको क्रममा आयोजना गरिएको स्वागत कार्यक्रममा मन्त्रालय तथा अन्तर्गतका निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो।

पद बहालीको क्रममा माननीय मन्त्रीज्यूले कपिलवस्तु स्थित प्राचीन तिलौराकोट पुरातात्विक क्षेत्रलाई संरक्षण गर्नका लागि प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ अनुसारको संरक्षित स्मारक क्षेत्र घोषणा गर्नका लागि प्रारम्भिक कार्य अगाडि बढाउन पुरातत्व विभागलाई निर्देशन दिने निर्णय गर्नु भयो।

मन्त्रालयबाट आयोजित स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै माननीय मन्त्रीज्यूले नेपालको विकासको मुख्य स्तम्भहरू मध्येको महत्वपूर्ण स्तम्भ पर्यटन क्षेत्र भएकाले नेपालको ऐतिहासिक महत्व, समृद्ध संस्कृति, भौगोलिक विविधता तथा प्राकृतिक सौन्दर्यको भरपुर उपयोग गरी पर्यटन प्रवर्द्धन मार्फत पर्यटन क्षेत्रको विकास गर्नु पर्नेमा जोड दिनु भयो। साथै नेपाल वायु सेवा निगममा निरन्तर भइरहेको घाटाको कारण उजागर गरी घाटा मुक्त हुने अवस्था सृजना गरी जनतामा सकारात्मक आशाको सञ्चार गर्न निगमलाई निर्देशन दिनुभयो। त्यसैगरी मन्त्रालयमा विद्यमान रहेका तत्कालै समाधान गर्न सकिने समस्या समाधानको कार्ययोजना तयार गर्न समेत माननीय मन्त्रीज्यूबाट निर्देशन भयो। युरोपियन युनियनको कालो सूचीमा नेपालको हवाई क्षेत्र रहिरहेको तर्फ गम्भिर ध्यानाकर्षण गर्दै उक्त कालो सूचीबाट नेपालको हवाई क्षेत्रलाई हटाउन ठोस कार्ययोजना बनाई काम गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिनुभयो। उक्त कार्यक्रममा पूर्व माननीय मन्त्री स्व. रविन्द्र अधिकारीले पर्यटन तथा नागरिक उड्डयन क्षेत्रमा पुर्‍याउनु भएको योगदानको समेत स्मरण गर्नुभयो।

२०७८/३/१३

तारानाथ अधिकारी
सहसचिव तथा प्रवक्ता